म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ८४ | आइतबार २० कात्तिक २०७९ | ने. सं. ११४३ कछलाथ्व | 6 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती प्रदेशमा डेंगु संक्रमितको संख्या ३३ हजारभन्दा बढी

हेटौंडा/ बागमती प्रदेशमा डेंगु संक्रमितको संख्या ३३ हजारभन्दा बढी पुगेको छ ।

प्रदेशमा साउन महिनादेखि कात्तिक १८ गतेसम्ममा ३३ हजार सातसय ६५ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । बागमती प्रदेशको स्वास्थ्य निर्देशनालयको अनुसार डेंगुबाट प्रभावित प्रदेशका जिल्लामा सबैभन्दा बढी काठमाडौंमा छ भने सबैभन्दा कम रसुवामा छ । काठमाडौंमा १३ हजार दुईसय र रसुवामा आठ जनामा डेंगु पुष्टि भएको हो । ललितपुरमा नौ हजार दुईसय, मकवानपुरमा चार हजार छ सय ६९, भक्तपुरमा तीन हजार ६०, चितवनमा एकहजार आठसय ५०, धादिङमा आठसय ६० काभ्रेपलाञ्चोकमा चारसय ८०, रामेछापमा एकसय ६८, सिन्धुपाल्चोकमा एकसय ६५, नुवाकोटमा एकसय ६८, सिन्धुलीमा एकसय ३३ तथा दोलखामा ८२ जनामा डेंगु संक्रमण पुष्टि भएको बताइएको छ । प्रदेशमा डेंगुबाट हालसम्ममा २१ जनाको मृत्यु भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

# गाँजालाई वैद्य बनाउने आश्वासन दिएर भोट माग्दै उम्मेदवार

साझाकुरा संवाददाता



हेटौंडा, १९ कात्तिक/ राष्ट्रिय राजनीति र स्थानीय विकासका मुद्दालाई प्राथमिकतामा राखेर उम्मेदवारहरुले चुनाव प्रचार गरिरहेका छन् । मतदाताको चाहनाअनुसार चुनावी एजेण्डा बनाउने नेताहरुको शैली पुरानै हो ।

मकवानपुर-२ का उम्मेदवार भने गाँजा खेतीलाई वैधानिकता दिने आश्वासन बाँड्दै भोट मागिरहेका छन् । एमालेमा रहँदा २०४८ पछिका चारवटा निर्वाचनमा जितेका विरोध खतिवडा अहिले एकीकृत समाजवादीबाट मकवानपुर क्षेत्र नं. २ का उम्मेदवार छन् । उनकै पूर्वपार्टी एमालेले महेश बर्तौलालाई प्रतिस्पर्धामा उतारेको छ । कांग्रेस छाडेर राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका भरत पराजुली र राप्रपा उम्मेदवार राजन मैनाली पनि यो क्षेत्रमा चर्चित छन् । निर्वाचनलक्षित घरदैलो थालेका केही उम्मेदवारले अवैध गाँजा खेतीलाई वैधानिक बनाउने आश्वासन दिइरहेका छन् ।

राक्सिराङ र कैलाश गाउँपालिका जिल्लाकै विकट गाउँपालिका हो । यी गाउँपालिकामा सिमान्तकृत चेपाङ र जनजातीको तामाङ समुदायको बसोबास छ । मकवानपुरको कर्णाली भनेर चिनिने विकासले पछि परेको यी दुई गाउँपालिकाका बासिन्दा शिक्षा, स्वास्थ्य, रोजगारबाट मात्रै होइन गाँसबासको लागि पनि संघर्षरत् छन् । चेतनाको कमि रहेको त्यस क्षेत्रमा अवैध लागूऔषध गाँजा र चरेस उत्पादन र बिक्रि वितरण हुने गरेको छ । प्रहरीले वर्षेनि हजारौं प्रहरी परिचालन गरेर त्यहाँ लगाइएको गाँजा र चरेशजस्ता लागूऔषध फँडानी गर्ने गरेको छ । केहि हजारको प्रलोभनमा परेर गाँजा ओसारपसार गर्न पुगेका सो स्थानका सयौं जना भीमफेदी कारागारमा कैदी जीवन काटिरहेका छन् । बेरोजगारीले पिलिसएका त्यहाँको चेपाङ र तामाङ समुदायको बासिन्दाहरु केहि हजार पाउने आशमा निश्चित दूरीसम्म गाँजा ओसारपसार गर्न तयार हुन्छन् र प्रहरीको फन्दामा पर्छन् । जसले गर्दा हालसम्म उक्त गाउँपालिकाको हरेक टोलका सयौं युवाहरु भीमफेदी कारागारमा पुगेका छन् ।

गाँजाको समस्याले ग्रसित उक्त क्षेत्रको बासिन्दालाई अवैद्य गाँजालाई वैद्य बनाउने आश्वासन बाँढ्दै भोट माग्न उम्मेदवाहरु गाउँ पुगिरहेका छन् । मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन मकवानपुरको निर्वाचन क्षेत्र नम्बर २ बाट उम्मेदवारी दिएकाहरु गाँजालाई वैद्य बनाउने आश्वासन बाँढ्दै भोट माग्न व्यस्त भएका हुन् । जिल्लाको पुरानादेखी नयाँसम्मका सबै उम्मेदवारहरुले यतिबेला मकवानपुरको निर्वाचन क्षेत्र नम्बर २ को विकट गाउँमा रहेको गाँजालाई चुनावी एजेण्डा बनाइरहेका हुन् । नेपालको कानुनले अवैध लागूऔषध भनेको गाँजालाई उम्मेदवारहरुले वैद्य बनाउने आश्वासन दिँदै भोट मागिरहेका छन् ।

यसअघिको निर्वाचनमा पनि उनले गाँजालाई वैद्य बनाउने आश्वासन नदिएका होइनन् । तर, उक्त आश्वासन पुरा गर्न भने सकेका छैनन् । खतिवडाले यो निर्वाचन क्षेत्रबाट चुनाव जितेर गएपछि संसदमा गाँजालाई वैद्य गराउनुपर्छ भनेर आवाज उठाएका थिए । उनले विश्वका विभिन्न विकसित मुलुकमा गाँजा वैद्य रहेको यसलाई औषधिको रुपमा प्रयोग गर्ने गरेको भन्दै नेपालमा पनि वैद्य गराउनुपर्ने बताएका थिए । उनले संसद्मा यसलाई वैद्य बनाउन प्रस्ताव पनि गरेका थिए । तर, त्यो बिचाराधीन अवस्थामा छ । अघिल्लो निर्वाचनमा बाँडेको आश्वासन लिएर यो निर्वाचनमा पनि उनी होमिएका छन् । 'मकवानपुरमा उत्पादित गाँजालाई वैद्यानिक ढंगले अन्तर्राष्ट्रियकरण गर्नपर्छ', खतिवडा भन्छन् । यसबाट नेपाली किसानको आयआर्जन बढाउन सक्ने उनको दाबी छ ।

यस्तैगरी, राप्रपाबाट सोही निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभाको उम्मेदबार राजन मैनाली पनि यतिबेला गाँजाको आश्वासन बोकेर गाउँमा भोट मागिरहेका छन् । उनी गाँजाबाट गाउँका बेरोजगार युवालाई रोजगार बनाउनेसम्मको कुरा भाषणमा बोलिरहेका छन् । लागूऔषध मानिदै आएको गाँजालाई अन्तर्राष्ट्रियकरण गरेर आफ्नो क्षेत्रको विकास गर्ने उनको दाबी छ । गाँजा बहुउपयोगी, वातावरणमैत्री र कम खर्चमा उत्पादन हुने भएकाले यसको व्यावसायिक खेतीबाट जनताको आर्थिक विकास गर्ने उनको दाबी छ । गाँजाबाट समग्र देशकै विकास गर्न सक्ने उनको भनाइ छ । उनले आफू बिजयी भएमा गाँजा उत्पादन, ओसारपसार र सेवन गरेकै कारण जेलमा परेकाहरुलाई आफ्नो पारिश्रमिक दिनेसम्मको प्रतिवद्धता जनाएका छन् । मैनालीले हाल मकवानपुरमा 'जय देश, जय चरेश' नारासहित चुनावी अभियान नै सञ्चालनसमेत गरिरहेका छन् । उनले आफू निर्वाचित भएपछि एक वर्षभित्र सरकारसँग लडेर भएपनि गाँजालाई वैद्यानिक बनाउनुको साथै कारागारमा रहेकाहरुलाई छुटाउनेसम्मको आश्वासन बाढ्न भ्याएका छन् । एमालेबाट सोही क्षेत्रमा उम्मेदवार बनेका युवा नेता महेश बर्तौला पनि गाँजाको उत्पादनलाई विकासतर्फ जोड्न सक्ने बताउँछन् ।

गाँजा खेतीलाई वैध बनाउने विषयमा संसद्मा कुरा उठे पनि टुंगो लागिसकेको छैन । गाँजा खेतीलाई वैधानिकता दिने विषयमा दलहरुबीचमा थप छलफल आवश्यक छ । नेपालमा गाँजालाई अवैध लागूऔषध मानिन्छ । त्यसैले गाँजा खेती पनि गैरकानूनी हो । कानुनका जानकार उम्मेदवारहरुले नै मतदाता रिझाउन गाँजालाई कानुनी बनाउने मुद्दा बनाइरहेका छन् । प्राय: उम्मेदवारले प्राथमिकतामा राखेको गाँजा खेतीलाई कानुनी बनाउने एजेण्डा पूरा गर्न सहज भने छैन ।

# घर-घरमा डीना र आनन्दराम

साझाकुरा संवाददाता



हेटौंडा, १९ कात्तिक/ प्रतिनिधिसभा मकवानपुर क्षेत्र नम्बर १ बाट लोकतान्त्रिक (बाम गठबन्धनका उम्मेदवार महालक्ष्मी उपाध्याय डीना र १ को प्रदेशसभा (ख) का उम्मेदवार आनन्दराम पराजुली जनताको घर-घरमा पुगिरहेका छन् ।

आसन्न निर्वाचनमा मकवानपुरमा उम्मेदवार बनेका डीना र पराजुली यतिबेला जनताको समस्या र गुनासो सुन्न घर-घरमा पुगिरहेका हुन् । विहानदेखि अबेर रातिसम्म डीना र पराजुली मतदातासँगै रहने गरेका छन् ।

मतदाताको समस्या सुन्छन् र निर्वाचित भएपछि जनताको समस्या समाधान गर्ने प्रतिवद्धता व्यक्त गरिरहेका छन् । शनिबार बिहान डीना पराजुली हेटौंडा-४ कर्राका विभिन्न टोलटोलमा पुगे । मतदाताको आक्रोश र समस्यालाई डीना र पराजुलीले सहर्ष स्वीकार्दै यसपटक गठबन्धनका उम्मेदवारले जिते समस्याको समाधानका लागि हदैसम्मको प्रयास गर्ने बताएका छन् ।

'एमालेका उम्मेदवारले पटक-पटक जितेर जाँदा पनि मकवानपुरमा देखिने काम नहुँदा तपाईहरुमा नैराश्यता आउनु स्वभाविक हो', प्रतिनिधिसभा सदस्यका उम्मेदवार डीनाले भनिन्, 'आजसम्म हामीले जितेर जनताको प्रतिनिधि बनेर सेवा गर्ने मौका पाएका छैनौं । यसपटक त्यो अवसर प्रदान गरिदिनुहोस्, तपाईहरुको गाउँठाउँको समस्या समाधानका लागि सक्दो पहलकदमी लिनेछौं ।'

जनताको मत लिएर जनतामाथि नै प्रहार गर्ने, संसद् भंग गर्ने, लोकतन्त्रमाथि प्रहार गर्नेहरुलाई पाखा लगाउने बेला आएको उनको भनाइ थियो । यस्तै १ को (ख) का उम्मेदवार पराजुलीले गठबन्धन सबैको साझा भएकोले चुनावपछि पनि साझा रहेरै काम गर्ने बताए । 'हामी ५ दलको साझा हौं । साझा भएरै काम गर्नेछौं', उनले भने, 'गठबन्धनमा कुनै समस्या छैन ।'

कांग्रेस पनि एक ढिक्का भएर मकवानपुरका ६ जना नै उम्मेदवारलाई जिताउने गरी लागेको छ । हामी सबैजना जित्छौं ।' हेटौंडा-४ का मतदाताले दुवै उम्मेदवारलाई फूलमाला र खादाले स्वागत गरे र बिजयी हुन शुभकामना दिएका थिए । डीना र पराजुली लोकतान्त्रिक बाम गठबन्धनबाट नेपाली कांग्रेसबाट सिफारिस भएका प्रत्यक्षतर्फका उम्मेदवार हुन् ।

महिला अगुवा तथा शैक्षिक व्यक्तित्व डीना संविधानसभा सदस्य पनि हुन् । उनी साहसिक महिलाको रुपमा छुटै छवि बनाउन सफल छिन् भने पराजुली युवा र ज्येष्ठ नागरिकमाझ निकै लोकप्रिय मानिन्छन् ।

# कमल थापा जस्तो पर्यटक होइनौं: *पुलामी*

बकैया, १९ कात्तिक/ नेकपा माओवादी केन्द्र बागमती प्रदेश उपाध्यक्ष एवं मकवानपुर क्षेत्र नम्बर १ प्रदेशसभा 'क' बाट लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार प्रेमबहादुर पुलामी 'छिन्त' ले कमल थापा जस्तो पर्यटक आफू नरहेको बताएका छन् ।

शनिबार बकैया गाउँपालिका वडा नम्बर ८ शिखरपुरमा लोकतान्त्रिक बाम गठबन्धनको चुनाब प्रचारप्रसार कार्यालय उद्घाटन कार्यक्रममा बोल्दै उम्मेदवार 'छिन्त' ले आफू यहिँ जन्मेर हुर्किआएको मान्छे हुँ भन्दै यहि ठाउँको विकास गर्न सदैब लागिपर्ने बताए । 'म मकवानपुरको प्रत्येक जनताको घरमा पुगेको छु, जनताको समस्याहरु बुझेको छु जनताको अधिकारका लागि नै हिँडिरहेको छु', उनले भने- 'मलाई झुटा आश्वासन बाँढ्नु छैन, कमल थापा जस्ता पर्यटक हामी होइनौं, त्यसैले म तपाईहरुकै साथमा रहेर काम गर्छु ।'

उम्मेदवार 'छिन्त' ले कमल थापाहरु प्रतिगमनको मतियार बनेर आएको भन्दै त्यसबाट सचेत रहन आग्रह गरे । पैसाको चलखेल गरेर सोझासाझा जनताको भोट किन्न खोजेका जनआन्दोलन बिरोधीलाई यहाँका जनताले सबक सिकाउनुपर्ने उनको भनाइ छ । उम्मेदवार छिन्तुले आफू प्रदेशसभामा रहदाँ यहाँको विकासका लागि सक्दो कार्य गरेको बताउँदै अधुरा रहेका कामलाई पूर्णता दिन फेरि भोट दिएर जिताउन मतदातासंग अनुरोध गरेका छन् । उनले यस क्षेत्रमा पुलपुलेसा निमार्ण, सडक निमार्ण तथा केहिको डीपीआर सकिसकेको पनि जानकारी दिए ।

*डीनाद्वारा संकल्प सार्वजनिक*

# सबल महिला, अवसरमा पहिला

साझाकुरा संवाददाता



हेटौंडा, १९ कात्तिक/ यही मंसिर ४ गते हुने निर्वाचनका लागि लोकतान्त्रिक-बाम गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार नेपाली कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले आफ्नो संकल्प सार्वजनिक गरेकी छन् ।

'सबल महिला, अवसरमा पहिला' भन्दै डीनाले शनिबार आफ्नो संकल्प सार्वजनिक गरेकी हुन् । उनले सबल महिला, अवसरमा पहिला भन्दै महिला सशक्तीकरणलाई प्राथमिकतामा राखेकी छन् । डीनाले युवाको रोजगारलाई पहिलो प्राथमिकता दिँदै हेटौंडा उपमहानगरलाई समृद्ध बनाउन औद्योगिकीकरणमा जोड दिएकी छन् । विद्यार्थी राजनीतिहुँदै संविधान निर्माणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेकी उनले समान अवसर, न्यायपूर्ण समाजको निर्माण र महिलाको सम्मान गर्ने उल्लेख गरेकी छन् । त्यसैगरी शान्ति र समृद्धिको पहिचान, गठबन्धनको सरकार निर्माणमा जोड दिएकी छन् । प्रत्यक्ष जनताको सुखदु:खमा रहेर काम गर्न र महिला नेतृत्वका लागि भन्दै समानुपातिकतर्फको पहिलो नम्बरमा रहेको आफ्नो नाम छोडेर प्रत्यक्षतर्फ चुनावमा होमिएकी डीनाले सम्मानित स्वस्थ जीवन र सुरक्षा, ज्येष्ठ नागरिकको हेरचाहलाई पनि प्राथमिकता दिँदै शिक्षा, स्वास्थ्य, कृषि, सहकारी र उद्योग कलकारखानाबाट युवालाई रोजगारी दिने आधारहरु प्रस्तुत गरेकी छन् । सफा, सुन्दर, हरियाली र भौतिक पूर्वाधार सम्पन्न प्रदेश राजधानी बनाउने, विकट भेटमा समेत आवश्यक भौतिक संरचनाको निर्माणमा प्रतिबद्धता जनाएकी छन् । पूर्वराज्यमन्त्री भएर समेत काम गरिसकेकी उनले सुशासन, दीगो विकास र राष्ट्र निर्माणमा आफ्नो योगदान र सरोकार रहने उल्लेख गरेकी छन् ।

विद्यार्थी र महिला नेतृ हुँदै कुशल सहकारीकर्मीको परिचय समेत बनाइसकेकी उनले शिक्षाको क्षेत्रमा समेत योगदान पुऱ्याएकी छन् ।

संविधानको रक्षा, राजनीतिक स्थीरता, सदाचारी एवम् सक्षम राज्य संयन्त्र, असल शासन र समुन्नत नेपाल निर्माणका लागि नेपाली कांग्रेसको सिफारिसमा सत्तारुढ गठबन्धनले आफूलाई मकवानपुर क्षेत्र नम्बर १ बाट उम्मेदवार बनाएको उनको भनाइ छ ।

# 'संविधानको रक्षा र समृद्धीका लागि गठबन्धन'

मकवानपुर क्षेत्र नम्बर १ (क) का प्रदेशसभा सदस्य उम्मेदवार प्रेमबहादुर पुलामी 'छिन्तु'ले संविधानको रक्षा, विकास र समृद्धीका लागि गठबन्धनको जित अति आवश्यक रहेको बताएका छन् । बकैया गाउँपालिका २, धियालस्थित सरस्वती भमरामा लोकतान्त्रिक बाम गठबन्धनद्वारा आयोजित कार्यकर्ता भेटघाट तथा अन्तर्क्रियामा बोल्दै उनले धियालको जनताको घरमा आगो लगाउनेहरु नै यही क्षेत्रमा विपक्षी उम्मेदवार बनेर आएकाले सचेत रहन आग्रह गरे ।

'जनताको घरमा आगो लगाउँनेहरुलाई जिताएर पठाएमा देश अशान्तिको भुमरीमा पर्ने र प्राप्त उपलब्धि गुम्ने खतरा हुन्छ', उनले बताए । धियालबासीलाई जग्गाको लालपूर्जा वितरण गर्न आवश्यक पहल भइरहेको भन्दै नेकपा माओवादी केन्द्रका बागमती प्रदेश उपाध्यक्षसमेत रहनु भएका उनले मकवानपुर र बारा जिल्लाको सिमा विवाद तथा खानेपानी लगायतका समस्या समाधान गर्न थप पहल गरिने प्रतिबद्धता जनाउँनुभयो ।

# गठबन्धनकै कारण मुलुक संकटमा: थापा



साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ राप्रपा नेपाल अध्यक्ष तथा नेकपा एमालेको सूर्य चिन्ह लिएर मकवानपुर-१ मा प्रतिनिधिसभा उम्मेदवार कमल थापाले गठबन्धनका कारण मुलुक संकटमा परेको बताएका छन् ।

गठबन्धनका कारण अहिले मुलुक संकटमा परिरहेको बताउँदै जनताले सोच्ने बेला आएको उनको भनाइ छ । पूर्वउपप्रधानमन्त्री समेत रहेका थापाले देश बनाउन र बचाउन केपी ओलीको नेतृत्वमा सरकार निर्माण हुनुपर्ने बताएका हुन् । नेकपा एमाले हेटौंडा-४ वडा कमिटीले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले मंसिर ४ गतेको चुनावपछि ओलीको नेतृत्वमा सरकार निर्माण हुने दाबी गरे । थापाले मकवानपुर-१ मा आफ्नो जित पक्का रहेको दाबी गरेका छन् । आफूलाई आमजनताले माया गर्ने उनको विश्वास थियो ।

नेकपा एमालेका तर्फबाट मकवानपुर क्षेत्र नम्बर-१ को प्रदेशसभा (ख) का उम्मेदवार एकालाल श्रेष्ठले गठवन्धन सरकारका कारण मुलुकमा आर्थिक संकटमा परेको आरोप लगाएका छन् । हेटौंडामा आयोजित कार्यक्रममा बोल्दै उनले गठबन्धनले मुलुकलाई तहसनहस बनाएको आरोप लगाए ।

नेपालीले स्वाभिमान पूर्वक बाच्न पाउने अधिकार सुनिश्चित हुनुपर्ने बताएका छन् । हेटौंडाको सडकलाई फराकिलो बनाउन सबै लाग्नुपर्ने श्रेष्ठको भनाइ छ । हेटौंडाको बाइपास सडक निर्माण पनि गर्दै मुल सडक पनि फराकिलो बनाउनु पर्ने उनको भनाइ छ । कार्यक्रममा एमालेका केन्द्रीय सदस्यहरु रामेश्वर राना, भारती पाठकलगायतका नेताहरुको आतिथ्यता थियो ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# महिलामाथि मानसिक हिंसा डरलाग्दो अबवस्था

पछिल्लो समय महिला हिंसाको स्वरुपमा परिवर्तन हुँदै गएको छ । महिलामाथि शारीरिक हिंसाको रुपमा कुटपिटका घटनाहरु धेरै आउने गरेकोमा अहिले मानसिक हिंसाका घटनाहरु हुवात्तै बढेको पाईएको छ । प्रहरीसम्म आइपुग्ने उजुरीमा अहिले कुटपिट दश प्रतिशतको हाराहारीमा मात्रै देखिएको छ । प्रहरीमा दर्ता हुने उजुरीमध्ये मानसिक हिंसाका घटनाहरु ९० प्रतिशत बढी देखिएको हो । चालु आर्थिक वर्षमा कुल दुईसय ४६ वटा हिंसासम्बन्धी उजुरी परेकोमा एकसय ५९ वटा मिलापत्रमा टुंगिएको पाइएको छ । जसमध्ये एकसय ५६ वटा मानसिक यातनासम्बन्धी रहेको पाइएको छ । लालनपालन नगर्ने, पत्नीलाई वास्ता नगर्ने, औषधी उपचार नगरिदिने, घरमा बस्न नदिने, आयआर्जन हुने काम गर्न नदिने, विवाह दर्ता नगरिदिने, नागरिकता नबनाइदिने जस्ता मानसिक यातना दिने गरेको उजुरी बढी आएको प्रहरी तथ्याङ्क छ ।

पतिपत्नीको झगडा परालको आगो भन्ने उखान प्रचलित थियो । तर, अहिले महिलामाथि हुने गरेको हिंसाका घटना परालको आगो नभएर भुसमा सल्किएको आगोको रुपमा देखिएको छ । परालको आगो एकैछिन लाग्छ र निभ्छ तर, भुसको आगो बाहिर त्यति देखिँदैन भित्रभित्रै खरानी भइसकेको हुन्छ । यसैगरी समाजमा पतिपत्नीबीचको सम्बन्ध त्यस्तै हुँदै जाँदा भविष्यमा समाज कता जाला भन्ने चिन्ताको विषय थपिएको छ । पछिल्लो समय बढेको मोबाइलमा इन्टरनेटको पहुँचबाट परस्त्री वा परपुरुषसंग बढ्ने सम्बन्ध यसको मुख्य कारणको रुपमा देखिएको छ । परस्त्री वा परपुरुषसंगको सम्बन्धले परिवारको पतिपत्नीबीचको मायामा आउने कमीका कारण सुस्तरी मानसिक हिंसाको रुपमा परिणत भएको हुन्छ ।

कुटपिटका घटनामा पतिपत्नीबीच मिलापत्र हुँदा भविष्यमा थप हिंसा हुने सम्भावना कम हुन्छ तर, मानसिक तनावमा मिलापत्र त हुन्छ तर, त्यसले मन शान्त हुने र ढुक्कले बस्ने वातावरण बन्दैन, जसका कारण बालबालिकाहरुमा पनि त्यसको नकारात्मक असर परेको हुन्छ । विवाह दर्ता र नागरिकताको समस्याका कारण त्यस्ता दम्पतिबाट जायजन्म भएका बालबालिकाको जन्मदर्ता र नागरिकतासमेत बनाउन समस्या हुन्छ । त्यसैले घटना भएको ३५ दिनभित्र घटना दर्ताको काम गर्नुपर्छ । र, मानसिक यातनाको दर घटाउन जनचेतना जगाउने कार्यलाई तीव्रता दिनुपर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक २१ गते सोमबार ०७ नोभेम्बर २०२२ । कात्तिक शुक्लपक्ष चतुर्दशी । कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:१९, सूर्यास्त ५:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : ऋण नाश | तुला | : न्यायिक कार्यमा सफलता |
| वृष | : खर्च वृद्धि | वृश्चिक | : कार्यगत उतारचढाव |
| मिथुन | : आफन्तबाट चिन्ता | धनु | : आर्थिक सिद्धि |
| कर्कट | : इष्ट सिद्धि | मकर | : कार्य सिद्धिमा विलम्ब |
| सिंह | : मित्रबर्गबाट धोका | कुम्भ | : परिवारमा कलह |
| कन्या | : सम्पत्ति सम्बन्धी विवाद | मीन | : यात्रामा बाधा |

# केही घोषणापत्रको सन्देश: अस्थिरता नै निरन्तर



कुलचन्द्र वाग्ले

प्रतिस्पर्धी राजनीतिक दलहरुले आआफ्नो घोषणापत्र सार्वजनिक गरेका छन् । संकल्प, प्रतिबद्धतापत्र वा संकल्पपत्र इत्यादि शाब्दिक नाम चयनमा समेत प्रतिस्पर्धा गरेका दलहरुले पारम्पारिक रुपमा घोषणापत्र नै घोषणा गरेका हुन् । कोभन्दा के कम ? बा भन्नुहुन्थ्यो- 'सबैभन्दा राम्री हुनु छोरा मेरा राम सै' भन्ने मानसिकतामा केन्द्रित रंगीविरंगी प्रलोभन र आकर्षणको पहाड खडा गरिएका केही घोषणापत्रले चाहिँ भावी दिनमा समेत अस्थिर राजनीति कायम गरिने सन्देश दिएका छन् ।

दलहरुले जतिसुकै तामझाम र तडकभडकका साथ यस्ता पत्र वाचन गरे पनि तिनैका विगत कृत्यको परिणाम जनता ती घोषणालाई भरोसा गर्न तयार पाइएनन् । दलका मात्रै किन, कतिपय उम्मेदवारले समेत आफ्नो क्षेत्रको आवश्यकता र मागलाई सम्बोधन गर्ने वाचासहित आआफ्ना धारणा सार्वजनिक गरेको पनि पाइएको छ ।

यस्ता अवधारणा र घोषणापत्रमा तात्विक नवीनता वा भिन्नता छैन, शाब्दिक होला । सर्सर्ती बुझ्दा नयाँ चिन्तन र ऊर्जा प्रदायक आयाम कुनै पनि घोषणापत्रको आत्माले बोल्न सकेको भेटिएन । परम्परागत भट्याइमा कथित वाचा वा पेज थपिएका मात्रै छन् । विश्वासै छैन । 'हिँड्दै छ पाइला मेट्दै छ' जस्तो नेपाली राजनीतिक दलका घोषणापत्रहरुको गति पनि योभन्दा भिन्न हुने भएन । पहिलो आधार त विश्वास हो, त्यही विश्वास भत्काइएको छ । दलहरुले नै जनविश्वास भत्काएका हुन् । विगतमा पनि आएका यस्ता संकल्प पत्रहरु कुन चाहिँ चनाचटपटे बजारमा पुगे हुन् ?

देशको आर्थिक भार क्षमताभन्दा गरुङ्गा घोषणापत्रहरु 'रछ्यानमा बास बर्षौंको अभ्यास' भएका छन् । त्यसैले विश्वास पनि र छ्यानतिर जस्तै स्खलित छ । विश्वास गर्ने कि नगर्ने ? नेकपा (माओवादी केन्द्र), नेपाल समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) जसले एकआपसी प्रगतिशील र प्रतिगामी विरोधाभाषी आरोपित गर्छन् । यिनीहरु संविधान बिथोल्ने र राजनीति अस्थिर बनाइ रहने संयुक्त सन्देश घोषणापत्रमार्फत दिन सँगै उद्यत देखिए ।

षड्यन्त्र विचारका संवाहक डा. बाबुराम भट्टराईले यसैपटकको चुनावको लागि पनि पुन: घोषणा गरे प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति । कारणमा राजनीतिक स्थिरताको हबाला दिएका छन् । अस्थिरताको कारक आफू पनि भएको चाहिं स्वीकारेका छैनन् । प्रणालीमाथि दोष थोपरेर 'पानीमाथिको ओभानो' हुन खोजेको छन् । 'कुन्नि के मामाको गति' भनेजस्तो संवैधानिक राष्ट्रपतिको त यो गति, **प्रत्यक्ष निर्वाचितको झन् कुन गति ?**

लहैलहैमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि निर्वाचित शक्ति सम्पन्न कार्यकारी राष्ट्रपति हुने सपना पुन: व्यक्त गरेका छन् । छोटकरीमा भन्नुपर्दा छिमेकी मित्र मुलुक चीनका सर्वाधिकार राष्ट्रपति सी जीन फिंग जस्तो सर्व शक्तिवान् हुने सपना ।

राप्रपा नेपाल प्रत्यक्ष निर्वाचित शक्तिशाली प्रधानमन्त्रीको पक्षमा छु भन्छ । राजालाई नायक मान्न ऊ सरकार प्रमुख प्रधानमन्त्री र राष्ट्रप्रमुख राजा भन्दैछ । राजा छोड्ने हो भने राप्रपा पनि प्रत्यक्ष निर्वाचित कार्यकारीकै पक्षमा हुने देखिन्छ । प्रधानमन्त्री होस् कि राष्ट्रपति । यी तीनवटैको घोषणापत्रको उद्देश्य नेपालमा स्थिर हुन खोजेको शासकीय प्रणालीलाई बिथोल्ने मनसायले प्रेरित रहेको स्पष्टै छ । दाहाल र भट्टराईको चाहिँ यतिमै सीमित छैन । विदेशी स्वार्थ र प्रायोजन पनि यी दुईको घोषणामा घुलित छ । कुन विदेशी लबीको सर्वाधिकार कार्यकारी नेपाली उम्मेदवार हुने ? रोजाइ यिनीहरु भित्र गोप्य बसाइएको होला ।

माओवादी केन्द्रका अध्यक्ष एकातिर संविधान, लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षताको रक्षा गर्ने स्वघोषित मसिहा आफैँलाई भन्छन् । अर्कोतिर यही प्रावधान र प्रणाली व्यवस्थित गरेको संविधानविपरीत एकाधिकारवादी प्रत्यक्ष निर्वाचित कार्यकारीको भाका पनि गाउँछन् । दोष दिन्छन् निर्वाचन प्रणालीलाई तर बिगार्छन् उनी आफैँ । जोगिन वा लुक्न र छेकिन संविधान परिमार्जन र संशोधनको फुँदो जोडेका छन् तर गुढ प्रहार संविधानमाथि गर्दैछन् । अस्थिर र अवसरवादजन्य अराजकताको पहिचान हुन् - पुष्पकमल दाहाल । उनको यो प्रवृत्ति यसपटक चुनाव लड्न चितवनको उखर्माउलो लुसुक्क छोडेर गोरखाको शीतल उकालो लाग्नुले पनि बुझाएकै छ । दाहालले पटकपटक ठाम छाम्दै हिँडेका छन् । अडिने ठाउँ भने अझै फेला पारेका छैनन् । पाइला मेट्दैजस्ता देखिन्छन् । न विचारको ठाउँ न उम्मेदवारीको ? विचारहीन राजनीति छाडा गतिको हुन्छ । छाडा गतिको मति पनि छाडा नै हुने भयो । सुविचारित गति, गन्तव्यहीन ।

डा. भट्टराईको त कुरै भएन । विद्वत्ताको परिचयमा षड्यन्त्रको तानाबाना लुकाउन माहिर यिनी अस्थिरता सूत्र सम्पादक हुन् । बडा सज्जन तर बालुवामा तरबार लुकाउने छली जस्ता । राप्रपाले आफूलाई यो संविधानको रक्षक र अपनत्व लिने दर्जामा कहिले राखेको छैन । गणतान्त्रिक संविधान उसको लागि शत्रुजस्तै जो छ । तर, संविधान भत्काउने कुरामा यी तिनैको स्वरतन्त्री एकैप्रकारले गुञ्जिएको छ । त्यो गुञ्जनको स्वरध्वनि चाहिँ प्रतिगामी, एकाधिकार वा अधिनायकवादी कित्तातिरै सुनिन्छ ।

यस मामलामा नेकपा (एकीकृत समाजवादी) सन्तुलित देखियो । ऊ उत्ताउलिएर कुनै त्यस्तो दाबा गरेको छैन । उसले बेला न कुबेला संविधानमाथि धावा पुगोस् भनेको छैन । एसले निर्वाचन प्रणाली अति खर्चिलो र जटिल भयो, यसलाई परिमार्जन गर्न जरुरी रहेको बताएको छ । कम खर्चिलो निर्वाचन प्रणाली र सरल प्रक्रिया जो स्वाभाविक आग्रह हो । सबैको अपेक्षा पनि ।

यस्तै प्रतिगामी, संविधान विरोधी र अधिनायकवादी आरोप खेप्दै आएको नेकपा (एमाले) पनि संविधान भत्काउने विषयमा मौन देखिएको छ । बरु संविधान, लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताको रक्षा गर्ने वचन एमालेले घोषणापत्र मार्फत व्यक्त गरेको छ ।

संविधानप्रति प्रहार हुने शब्द एमालेको घोषणापत्रमा छैन । संवैधानिक व्यवस्थाप्रति दृढ प्रतिबद्धता व्यक्त गरेर एमाले र यसका अध्यक्ष केपी शर्मा ओलीले आफूमाथि लाग्दै आएको आरोपको सशक्त प्रतिवाद गरेका छन् । यस मामलामा पार्टीको स्पष्ट नीति र प्रतिरक्षा गरेको देखाएका छन् । संविधान संशोधन विधि जायज प्रक्रियाअन्तर्गत हुन्छ । संशोधन संविधानको स्थिरताको माध्यमसमेत हुनसक्छ र बनाइनु पनि पर्छ । संविधान असंशोधनीय हुँदैन तर संशोधनको भाँती र बेला हुन्छ । संशोधनको माग पनि छ तर मागै नभएको विषय कुबेला जबर्जस्ती कोच्नु चाहिँ राजनीतिक बेइमानी र असान्दर्भिक हो । संशोधनको परिणाम र प्रभावलाई बेवास्ता गरेर नेपालीबाहेक अरु कसैको स्वार्थ र उद्देश्य प्रेरित संशोधन हुँदैन, प्रहार हुन्छ ।

*संविधान असंशोधनीय हुँदैन तर, संशोधनको भाँती र बेला हुन्छ । संशोधनको माग पनि छ तर मागै नभएको विषय कुबेला जबर्जस्ती कोच्नु चाहिँ राजनीतिक बेइमानी र असान्दर्भिक हो । संशोधनको परिणाम र प्रभावलाई बेवास्ता गरेर नेपालीबाहेक अरु कसैको स्वार्थ र उद्देश्य प्रेरित संशोधन हुँदैन, प्रहार हुन्छ ।*

तराईमधेस र जनजातिलगायत सीमान्त वर्गको माग छन् । तिनको मागलाई सम्बोधन गर्न संशोधन आवश्यक होला । प्रणाली नै भत्काउने गरी वा सधैँ अस्थिरताको पर्याय संविधानलाई बताउने गरी संशोधनको तानाबाना बुन्नु कसको हितमा हुन्छ ? प्रतिनिधि सभा र प्रदेश सभाको लागि सत्र दिनपछि वा मंसीर ४ गते हुने मतदान संवैधानिक प्रणाली अन्तर्गत जनप्रतिनिधि रोज्ने चुनाव हो । संवैधानिक मूल प्रावधान वा शासकीय प्रणालीप्रति गरिने जनमत संग्रह होइन । संशोधन भन्न सकिएला तर अब प्रणालीकै विकल्पको प्रस्ताव वा संशोधन चाहिँ जनमत संग्रहको दायरमा जान्छ वा दुईतिहाइको विधि छ । यो कुरा आफूलाई चतुर ठान्ने तर दुईतिहाइको प्रतिनिधित्व माग्न नसक्ने दाहाल र भट्टराईले बुझेको हुनुपर्ने हो ? संविधानको अपनत्व पनि लिने र रक्षाको वाचा पनि गर्ने नेपाली कांग्रेसको बुई चढेका तत्वहरु नै संवैधानिक व्यवस्था भत्काउन उद्यत पाइए, किन ? राजनीति निरन्तर अस्थिर बनाउने सन्देशका साक्षी चुनावी घोषणापत्र नै हुन् । *साभार:बाह्रखरी*

# सम्पूर्ण स्वतन्त्रहरूको नाममा



✍ सन्देश पौड्याल

स्वतन्त्र उम्मेदवारहरूको माहोल यसपालिको चुनावमा गज्जब छ । युवाहरूमा चासो लिएर केही गर्ने हुटहुटी देखिन्छ । म संसद् हुन योग्य छु भन्ने आत्मविश्वासका साथ राजनीतिमा आउन खोज्नु सबै हिसाबले स्वागतयोग्य छ । राजनीतिमा युवाहरूको आगमनले यथास्थितिलाई टक्कर त दिन्छ नै, स्थापित दलहरूलाई पनि आफ्नो राजनैतिक सँस्कृति परिवर्तन गर्न दबाब पनि दिन्छ । अर्कोतर्फ यस किसिमको क्रियाशीलताले स्थापित राजनैतिक पार्टीमा लागेका युवाहरूको स्पेस पनि फराकिलो पार्छ । त्यसैले देश, इतिहास, अर्थतन्त्र, प्रशासनलगायत आधारभूत राजनैतिक पाटो बुझेर अवस्था बदल्न सक्छु भन्ने आँट गरेर चुनावमा होमिएका सम्पूर्ण स्वतन्त्र उम्मेदवार धन्यवादको पात्र छन् ।

तर, चुनावको प्रचारप्रसारले तीव्रता लिएसँगै स्वतन्त्र उम्मेदवारहरूप्रति उनीहरूको प्रचार शैली, आक्रोशपूर्ण अभिव्यक्ति, अविच्छिन्न रूपमा गरिएको व्यवस्था बिरोध र नकारात्मकताले धेरै संशय पैदा गरेको छ । 'त्यो खराब छ, त्यसैले म ठिक हो' भन्ने नै स्वतन्त्रहरूलाई भोट गर्नुपर्ने प्रमुख आधार हो भन्ने भाष्य उनीहरूले नै निर्माण गरिरहेको देख्दा स्वतन्त्र उम्मेदवारीबाट आशावादी हुने ठाउँ संकुचित भएको छ । फेरि स्वतन्त्रहरू बीचको अस्वस्थ प्रतिस्पर्धाले पनि अन्यौलकै स्थिति पैदा गरेको छ, शंकाको सुविधा दिन पनि नमिल्ने गरी ।

***लक्ष्य र सोच***

धेरै स्वतन्त्र उम्मेदवारहरूको घोषणापत्र/प्रतिबद्धता हेर्दा नछुट्ने मूलभूत कुरा चाहिं दलहरूले गर्न सकेनन्, त्यसैले हामीलाई मौका दिनुहोस् भन्ने नै देखिन्छ । कार्यान्वयनमा हामी निष्ठावान हुन्छौं भन्ने आश्वासन बाहेक घोषणापत्रमा खासै त्यस्तो नयाँ भिजन रहेको देखिँदैन । जस्तैः शिक्षाको कुरामा नि:शुल्क आधारभूत शिक्षा, स्वास्थ्यमा नि:शुल्क सेवाका कुरा प्रधानरूपमा गरिएका छन् भने भ्रष्टाचार नियन्त्रणको सवालमा म भ्रष्टाचार गर्दिनँ भन्ने कुरा नै विशेषरूपमा राखिएको छ । केही उम्मेदवारहरूले मानसिक स्वास्थ्य, नव-प्रवर्तन, जलवायु परिवर्तनको मुद्दा अघि सारे पनि त्यहाँ लेखिएका बुँदा अलि बयानबाजीमै आधारित छन् ।

एउटा स्वाभाविक प्रश्न जसको जवाफ फेरि पनि अनुत्तरित नै छ, त्यो के भने 'ती कुराहरू त दलहरूको घोषणापत्रमा पहिल्यैदेखि लेखिँदै आइएको छ, कार्यान्वयनको सवालमा के नयाँ गर्ने हो ?'

आदर्शवादी दृष्टिकोणले हेर्दा घोषणापत्रमा हाल नेपालको शिक्षा, स्वास्थ्य, व्यापार, परराष्ट्र नीति, प्रशासनमा नीतिगत/कार्यनैतिक रूपमा यस्ता यस्ता समस्या छन् र तिनका यस्ता यस्ता समाधान हुन सक्छन् भनेर लेख्न सकेको भए युवा र स्वतन्त्रको मर्म अझ प्रगाढ हुने थियो । यसो नहुँदा गाली र असन्तुष्टिलाई प्रमुख अस्त्र बनाउनु परेको हो भन्ने मलाई लाग्छ ।

***धैर्य***

अपवाद बाहेक धेरै उम्मेदवार चुनावकै सेरोफेरोमा (स्थानीय चुनावपछि) मैदानमा उत्रिएका छन् । मलाई लागेको प्रश्न 'यो चुनावमा हार भयो भने उनीहरू जनतामाझ रहलान् कि नरहलान् ?' राजनीति धैर्यको पर्यायवाची पनि हो, आफूलाई लागेको कुरा सबैलाई उस्तै लाग्छ भन्ने हुँदैन । समाजको आधारभूत इकाई परिवारमा त त्यो लागू हुन्छ भने देश चलाउने नीतिको सवालमा यात्रा सरल हुँदैन । आफ्नो एजेण्डा स्थापित गराउन धैर्य र इच्छाशक्तिको बारेमा अपवाद बाहेक धेरै स्वतन्त्र उम्मेदबार मौन छन् । धैर्यको आश्वासन नहुँदा कतै उम्मेदवारी चुनावी ब्याण्डवागन मात्र त होइन, भन्ने प्रश्न स्वाभाविकरूपमा खडा हुन्छ ।

अर्को कुरा धेरै स्वतन्त्र उम्मेदवार निकै आक्रामक पनि देखिएका छन् । प्रति-प्रश्न सहन नसक्ने र पूर्वाग्रहीरूपमा त्यसको बचाव गर्न खोज्ने खालको परिपाटी देखिएको छ । दलीय नेता-कार्यकर्तालाई झोले, भेडा आदि शब्दहरूको व्यापक प्रयोग गरिएको छ । नयाँ युगको नयाँ राजनीति गर्छु भन्ने युवा उम्मेदवारले नयाँ राजनैतिक पद्धति बसाल्नुपर्नेमा झन् विकृत प्रणाली संस्थागत गर्न खोज्नुले अवश्य पनि सकारात्मक सन्देश दिँदैन ।

> व्यवस्थाप्रति आस्था छैन भने त्यसको विरोधमा खुलेर आउँदा राम्रो हुन्छ । छद्म भेषमा रवीन्द्र मिश्र लाइन प्रत्युत्पादक हुनेछ । अन्त्यमा, राजनीतिको मूल लक्ष्य भनेकै आफ्नो सोच, नीति र त्यसको कार्यान्वयनमार्फत् सम्पूर्ण जनताले महसुस गर्ने गरी क्रमिक सुधार गर्नु नै हो ।

***नकारात्मकता***

देशको स्थिति अपेक्षाकृत छैन, समृद्धितर्फको यात्रा अझ पनि धमिलो छ । व्यवस्थाले अझ पनि स्थायित्वको आश्वासन दिन सकेको छैन । कुशासन अझ पनि हावी छ । यसो भन्न हिचकिचाउनु पर्दैन । तर 'केही भएको छैन, देश बर्बाद भइसक्यो, सबै नेता विदेशीको दलाल भइसके, योभन्दा त पहिलेकै व्यवस्था ठिक थियो' भन्नु चाहिं कदापि उचित होइन । सकारात्मक परिवर्तनलाई नजर अन्दाज गर्ने अनि नकारात्मक कुरालाई मात्र उचाल्ने परिपाटी हेर्दा बहस आफूबाट अरुतर्फ सार्ने अनि जनमानसमा भय र अस्थिरताको चित्रण गरी आफ्नो अभीष्ट पूरा गर्नेतर्फ उन्मुख हो कि भन्ने देखिन्छ ।

के साँच्चै नै हामीले परिवर्तन महसुस गरेका छैनौं त ? कामको गति कम छ तर, देश उँधो लाग्दैछ भन्ने भाष्य कदापि ठिक हुन सक्दैन । सामान्यत: घोषणापत्र वा प्रचार-प्रसार हेर्दा पनि हाम्रो विगतलाई नजर अन्दाज गरिएको हो जस्तो लाग्छ । युरोप यस्तो छ, अमेरिका यस्तो छ, सिंगापुर यस्तो छ भनी प्रोपोगाण्डा शैलीमा भनिएको छ भने नेपालको स्थितिलाई निकै निराशावादी कोणबाट चित्रित गर्ने भरमग्दुर प्रयास गरिएको पाइन्छ । सापेक्षितरूपमा हुनुपर्ने दाँजोलाई निरपेक्षरूपमा गरिएकोमा मेरो घोर आपत्ति छ ।

एकजना स्वतन्त्र उम्मेदवारले राष्ट्रियस्तरको कार्यक्रममा भनेको सम्झन्छु, उनी भन्दै थिए, 'हाम्रा सांसद् नेताहरूलाई जाभा, प्यान्थोन, पीएचपी केही आउँदैन, उनीहरूले हाम्रो पुस्तालाई कसरी बुझ्न सक्छन् ?' आईटी पढेका मान्छेहरूलाई यो कुरा सुन्दा हो कि झैं लाग्न सक्छ तर, यो तर्क निकै साँघुरो घेराबाट गरिएको हो । अहिलेका नेतालाई केही आउँदैन, युवा भएको नाताले हामीलाई सबै आउँछ भन्ने कुरा त फेरि डनिङ-क्रुगर अवस्था नै हो । डनिङ-क्रुगर अवस्था तब हुन्छ जब एक व्यक्तिको कुनै निश्चित क्षेत्रमा ज्ञान र सीपको कमीले उसले आफ्नै सीमित क्षमताकै गौरबीकरण गर्छ ।

**व्यवस्थाप्रतिको अनुत्तरित प्रश्न**

धेरै स्वतन्त्र उम्मेदवारहरूले आफ्नो राजनैतिक आस्था प्रष्ट पारेका छैनन् । देशको संविधानप्रति उनीहरूको विचार के हो ? संघीयता, धर्म-निरपेक्षताप्रतिको उनीहरूको बुझाइ के हो ? भन्ने प्रश्नसहित आर्थिक, सामाजिक नीतिको सैद्धान्तिक धरातल प्रष्ट भएको छैन । अहिलेको स्थापित दलहरूले के गरिरहेका छन् वा आफ्नो आस्थामा कत्तिको न्याय गरिरहेका छन् भन्ने अलग पाटो होला तर, फेरि पनि नयाँ युगको नयाँ राजनीति गर्छु भन्नेले यस्तो आधारभूत धरातल खाली छोड्नु चाहिं हुँदैन ।

थप कुरो चाहिं, व्यवस्थाप्रति आस्था छैन भने त्यसको विरोधमा खुलेर आउँदा राम्रो हुन्छ । छद्म भेषमा रवीन्द्र मिश्र लाइन प्रत्युत्पादक हुनेछ । अन्त्यमा, राजनीतिको मूल लक्ष्य भनेकै आफ्नो सोच, नीति र त्यसको कार्यान्वयनमार्फत् सम्पूर्ण जनताले महसुस गर्ने गरी क्रमिक सुधार गर्नु नै हो । चाहे सामाजिकरूपमा होस् वा आर्थिक रूपमा, परराष्ट्र सम्बन्धको मुद्दामा होस् वा अन्य कुनै महत्वको मुद्दामा, राजनीतिज्ञले गर्नुपर्ने भनेको स्थितिको ठोस विश्लेषणसहित आफ्नो अल्पकालीन र दीर्घकालीन नीति प्रस्तुत गर्नु र त्यसको नेतृत्व गर्नु नै हो ।

नेपालको पछिल्लो राजनैतिक घटनाक्रममा वैकल्पिक राजनीतिको ध्रुव कमजोर हुनुको मुख्य कारण माथि उल्लेखित कुराहरूमा ठोस निर्णयको शून्यता नै हो । फेरि पनि भर्भराउँदो रूपमा उदय भइरहेको वैकल्पिक राजनीतिको नयाँ स्वरूप त्यहीं दुश्चक्रमा नफसोस् भन्ने चाहनाले यो आलेखका लागि प्रेरित गरेको हो । स्वतन्त्रहरू आए, चुनाव लडे, हारे र विलाए: अर्को चुनावमा यस्तो भन्ने अवस्था सिर्जना नहोस् । स्वतन्त्रलगायत सम्पूर्ण उम्मेदवारहरूलाई शुभकामना । आशा गरौं, सबैभन्दा क्षमतावान, धैर्य, दृढ र संकल्पित उम्मेदवार हामीले सांसद्को रूपमा पाउनेछौं ।

◆◆◆

# 'संविधानमा जनअधिकारका लागि लडें, अब व्यवहारमा लागू गर्न उम्मेदवारी'

महालक्ष्मी उपाध्याय 'डीना' । मंसिर ४ गते हुन लागेको आमनिर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधिसभा सदस्यतर्फ प्रत्यक्ष उम्मेदवार बन्ने महिलाहरुमध्येको एक हुन् । कांग्रेसको केन्द्रीय सहमहामन्त्री 'डीना' मकवानपुर-१ बाट प्रतिनिधिसभाकी उम्मेदवार बनेकी छिन् । उनको नाम मकवानपुरको लागिमात्रै होइन, नेपालकै राजनीतिमा एउटा स्थापित नाम हो । विद्यार्थी आन्दोलन होस् या महिला आन्दोलन, हरेक समयमा सशक्तरुपमा आफ्नो आवाज बुलन्द पार्ने गरेकी मकवानपुरे नेता डीना पहिलो जीतको खोजिमा यतिबेला चुनावी मैदानमा होमिएकी छिन् । कांग्रेसको १४ औं महाधिवेशनबाट सहमहामन्त्रीमा निर्वाचित उनले अर्थशास्त्रमा स्नातकोत्तर तहसम्म अध्ययन गरेकी छिन् । स्वतन्त्र विद्यार्थी युनियन पद्मकन्या क्याम्पसकी पूर्वसभापति उनले विगतमा तरुण दल र नेपाल महिला संघमा रहेर पनि काम गरिसक्केकी छिन् । विद्यार्थी कालदेखि नै राजनीतिमा सक्रिय उनी संविधानसभा निर्वाचन अगाडिसम्म जलस्रोत राज्यमन्त्री थिइन् । डीना यसअघि तीनपटक पराजित भइसकेकी छन् । पार्टीले समानुपातिकतर्फको पहिलो नम्बरमा राखेको आफ्नो नाम काटेर जनताबाट प्रत्यक्षरूपमा अनुमोदित हुन आएको उनी बताउँछिन् । सहजै समानुपातिकबाट सांसद् हुने निश्चित भएपनि जनताको बीचमा काम गरेर जनताबाट निर्वाचत हुन आएकोले आफ्नो जीत निश्चित रहेको उनी बताउँछिन् । नेपालको संविधान निर्माण र संविधानमा महिलाहरुको समावेशी सहभागिताको लागि महत्वपूर्ण भूमिका खेलेको कारण पनि आफूलाई जनताले मत दिएर अनुमोदित गर्ने उनी बताउँछिन् । प्रस्तुत छ, आसन्न प्रतिनिधिसभा निर्वाचनको सम्बन्धमा केन्द्रित रहेर *साझाकुरा*कर्मी **श्रीजना नेपाल**ले महालक्ष्मी उपाध्याय 'डीना'सँग गरेको कुराकानी:

**☞निर्वाचनको तयारी कस्तो भइरहेको छ ?**

निर्वाचनको तयारी भनेर त्यस्तो धेरै छुट्टै मैले केहि पनि गरेको छैन । म सधैं मकवानपुरका जनताहरुसँग उहाँहरुकै घरदैलोमा थिएँ । अहिले पनि म जनतासँगै छु । २०७४ सालमा हारेदेखि नै २०७९ सालको निर्वाचनका लागि तयारीमा जुटिराखेकी छु । म निरन्तर जनताको माझमा काम गर्दै आएकी छु ।

**☞तपाईं समानुपातिकको नाम काटेर प्रत्यक्षतर्फको उम्मेदवार बन्नु भएको छ । सजिलै सांसद् हुनसक्ने बाटो छाडेर चुनावी मैदानमा किन आउनु भयो ?**

आसन्न निर्वाचनमा पार्टीले मलाई पदाधिकारी पनि भएकोले समानुपातिकतर्फ मेरो नाम अगाडि नै राखेको थियो । मैले चाहेको भए समानुपातिकबाट सांसद् बन्ने निश्चित नै थियो तर, म जनतासँग काम गरेकी मान्छे । जनताबाट प्रत्यक्ष रूपमा अनुमोदित भएर जान्छु भनेर आएकी हुँ । जनताबाटै अनुमोदित भएर जनताकै लागि काम गर्न म चुनावी मैदानमा होमिएकी हुँ । त्यसैले जनताले माया गरेर जिताउनु हुन्छ भन्नेमा म ढुक्क छु ।

**☞तपाई यसअघिको निर्वाचनहरुमा पराजित हुनु भएको थियो । विगतका हारलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

विगतको निर्वाचनहरुमा मैले गणितीयरुपमा हार व्यहोरेको हो । तर, मकवानपुरको जनताको माया, साथ सहयोग र सद्भावमा मैले कहिले पनि हारेको छैन । म हारसँग डराउने मान्छे पनि होइन । जनताको माझमा रहेर जनताकै लागि काम गर्ने मान्छे भएकोले जनताले दिएको मतलाई सम्मान गर्दै आएको छु । आगामी दिनमा पनि मकवानपुरको जनताले मलाई दिनुहुने मतलाई म सम्मान गर्छु ।

**☞महिला भएकै कारण पछि पर्नुपर्ने अवस्था छ कि छैन तपाईको अनुभवमा ?**

अहिले विगतको जस्तो अवस्था छैन । अहिले विस्तारै परिवर्तन हुने क्रममा छ । मानसिक रूपमा मानिस परिवर्तन भएको मैले महसुस गरेकी छु । गत आम निर्वाचन र स्थानीय तहको निर्वाचन हेर्दा पनि त्यो देख्न सकिन्छ । विगतको निर्वाचनमा गठबन्धनसँग मैले पाएको मतलाई हेर्ने हो भने मैले चुनाव जितेको नै हो । त्यसैले महिलालाई भोट नहाल्ने भन्ने मनस्थिति मतदाताको छैन । तर तपाईंले भन्नु भएको जस्तो नेतृत्वमा महिलालाई हेर्ने र नेपालको संविधानले दिएको अधिकार कार्यान्वयन गर्नमा हिच्किचाहट भएको चाहिँ नेतृत्व तहमा मैले महशुस गरेकी छु । त्यसैकारण मैले आफ्नो पार्टीको नेतृत्व र विभिन्न राजनीतिक पार्टीका राष्ट्रिय तहमा बसेका पदाधिकारी, केन्द्रीय सदस्य र साथीहरूसँग धेरै छलफल गरेर यसलाई कसरी परिवर्तन गर्न सकिन्छ भनेर बहस गरिरहेका छौँ । संविधानले दिएको अधिकार कार्यान्वयन गर्ने सन्दर्भमा हामी सचेत छौँ। अहिलेको मूल 'एजेण्डा' भनेको संविधानले दिएको समानुपातिक सहभागिताको सुनिश्चितता हो । यसैको लागि पनि मैले आफ्नो ठाउँमा प्रत्यक्षरूपमा निर्वाचनमा भाग लिने निर्णय गरेकी हुँ ।

**☞आगामी निर्वाचनमा उम्मेदवार बनिरहँदा मकवानपुरका लागि तपाईले के कस्तो एजेण्डा बोक्नुभएको छ ?**

संविधान बनाउने क्रममा जनअधिकारका लागि लडें, अब व्यवहारमा लागू गर्न उम्मेदबारी दिएको छु । संविधानमा भएका व्यवस्थालाई जनतामाझ लैजानु अहिलेको चुनौती हो । चुनावकै लागि भनेर नयाँ एजेण्डा त्यस्तो कुनै बनाएको छैन । विगतदेखि नै मैले मकवानपुरमा गर्दै आएको कामहरु छन् । तीनैलाई अगाडि बढाउँदै मकवानपुर जिल्लाको विकास गर्नु मेरो एजेण्डा हो । जिल्लाको स्थानीय बासिन्दाको समस्या र आवश्यकता पूरा गर्दै लैजानु मेरो प्रमुख दायित्व पनि हो । मैले धेरै लामो समयदेखि जनसंख्या र विकासको क्षेत्रमा काम गरें। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्सम्म मैले यो क्षेत्रमा काम गरेकी छु । अहिले देशभर नै विकासका नाममा ठूला-ठूला बाटो बनाउने काममात्रै भएको छ । बाटो विकासको एउटा मेरुदण्ड त हो तर, जनताको आवश्यकता अरू के-के हुन् ? स्वास्थ्यको पहुँच कतिको छ ? शिक्षाको पहुँच कस्तो छ ? भन्ने विषय ख्याल गर्न नसकेको अवस्था छ । आज पनि मकवानपुर साचिचँकै बत्तीमुनिको अँध्यारो भनेजस्तै केन्द्रीय राजधानी नजिकै भएर पनि बत्तीमुनिको अँध्यारो अवस्थामा नै छ । मकवानपुर बागमती प्रदेशको पनि राजधानी भइसक्यो तर, यस्ता गम्भीर र सान्दर्भिक कुरामा अहिलेसम्मका जनप्रतिनिधिले काम गर्न नसकेको अवस्था छ । तीन तहमा जसरी हामीले सिंहदरबारको अधिकार गाउँघरमा भनिरहेका छौं, त्यहाँका जनता लाभान्वित भए कि भएनन् भन्ने कुरा सोचेर उनीहरूको जीवनपद्धति परिष्कृत गरेर लाभ दिलाउने काम अझै सशक्तरूपमा लैजानुपर्छ भन्ने मलाई लाग्छ । अहिलेको जनताको माग पनि यही नै हो । हामीले चाहेको शिक्षा भएन, स्वास्थ्योपचार प्रभावकारी भएन, रोजगार भएन, भन्ने उहाँहरूको कुरा छ । अझै पनि सानोतिनो बिरामी हुँदा पनि काठमाडौं धाउनुपर्दा गाउँमा हाम्रो पहुँच के भयो त ? हाम्रो गाउँको स्वास्थ्य सेवालाई कसले हेर्ने भन्ने आवाज पनि आइरहेको छ । त्यसैले यी कुरालाई कसरी व्यवस्थापन गर्न सकिन्छ, भोलि संसद्मा जाँदै गर्दा यो विषयवस्तु कानुनत: अझै परिवर्तन गर्नुछ, संशोधन गर्नुछ भने त्यसमा आवाज बुलन्द गर्ने काममा म स्वत: भइहाल्छु । तीनै तहको सरकारलाई सजग र सतर्क बनाउँदै गर्दा जनताको पहुँचलाई त्यो ठाउँमा पुऱ्याउने काममा प्रभावकारी भूमिका खेल्ने मेरो अठोट छ ।

**☞जनताले तपाईंलाई किन भोट हाल्ने ?**

संविधान निर्माणमा मेरो महत्वपूर्ण भूमिका छ । समावेशी राजनीतिलाई मूल ठाउँमा राखेर मुख्य एजेण्डाको रूपमा हामीले धेरै आवाज उठायौं। आजको संविधानमा जति पनि अधिकार प्रत्यायोजित भएको छ, त्यो समावेशी राजनीतिलाई हामीले अगाडि बढाएका हौं । त्यही अनुसार समाजको विकास र परिवर्तन हुनुपर्छ भन्ने मेरो एजेण्डा हो । सम्पूर्ण जातजातिको अधिकारका लागि पनि म लडेकी छु । विशेषगरी महिलाका लागि आजसम्म महिला हिंसाका कारण, आवश्यक शिक्षाको अभावको कारण, स्वास्थ्यमा पहुँच नभएको लगायत कारण जसरी पीडित भएर बस्नु भएको थियो । यी कुरालाई मध्यनजर गरी आवाज उठाउँदै आएको हुनाले म चुनावी मैदानमा उभिएकी छु । मलाई विश्वास छ- मैले उठाएका एजेण्डा कार्यान्वयन गर्ने पक्षमा पनि मैले काम गर्न सक्छु । त्यसैले मलाई मत दिनु भनेको संविधान, नीति र नियमले दिएको विषयलाई कार्यान्वयन गर्नु हो ।

**☞तपाईं गत निर्वाचनमा मकवानपुर-२ बाट उम्मेदवार हुनुहुन्थ्यो । यो निर्वाचनमा किन क्षेत्र परिवर्तन गर्नुभयो ?**

२०७४ सालको चुनावमा म क्षेत्र नम्बर २ बाट उठेकी हुँ । त्यसअघि मकवानपुर मा ३ वटा क्षेत्र थिए । त्यति वेला हेटौंडा बजार नै मेरो मूल ठाउँ हो । त्यसकारणले हिजोको दिनमा राप्रपा र नेपाली कांग्रेसको गठबन्धन हुँदा १ नम्बरबाट कमल थापा उठ्दै गर्दा म अर्को क्षेत्रबाट उठेकी हुँ । त्यो बेला पनि केही गाउँपालिका मेरा लागि नयाँ नै थिए तर, मैले चुनाव हार्छु भन्ने थाहा हुँदाहुँदै पनि जनतामाझ बिचार लिएर गएँ । अहिले अब फेरि गठबन्धन छ । गठबन्धनको कुरा भइरहँदा हामीलाई भागबण्डामा क्षेत्र नम्बर १ परेको हुनाले म यो क्षेत्रबाट उठें तर समग्र मकवानपुर जिल्ला नै मेरो क्षेत्र हो । कुनै एउटा भूगोलमात्रै मेरो क्षेत्र होइन । मैले जिल्लालाई नै आफ्नो निर्वाचन क्षेत्र मानेकी छु ।



महालक्ष्मी उपाध्याय 'डीना'
लोकतान्त्रिक-बाम गठबन्धनका साझा उम्मेदवार
प्रतिनिधिसभा क्षेत्र नं. १, मकवानपुर

# आकाश श्रेष्ठ: ६ वर्षमा ६ फिल्म फ्लप



नेपाली फिल्मका चकलेटी हिरोहरुको सूचिमा नछुट्ने नाम हो, आकाश श्रेष्ठ । उनले आफ्नो लुक्सकै कारण युवापुस्तामा गजबको क्रेज बनाएका छन् । फिल्म 'म त तिम्रै हुँ'बाट निशाराजनक डेब्यू गरेका उनलाई फिल्म 'रामकहानी'ले पहिचान दिलाएको थियो । यसपछि उनी करिअरलाई लिएर चिन्तित हुनु परेन । उनको हातमा फिल्म टुटेको छैन भने म्यूजिक भिडियोमा भ्याइनभ्याइ छ ।

'रामकहानी'पछि उनको दोस्रो हिट फिल्म 'पोई पऱ्यो काले' हो । तर, यी दुई फिल्मबाहेक उनका लागि सफलता आकाशको फल झैं बनेको छ । करिअरको ६ वर्षको अवधिमा उनी ६ फ्लप फिल्मका धनी भइसकेका छन् । डेब्यू फिल्ममै असफलताको झड्का पाएका उनको 'तिमीसँग', 'ब्ल्याक', 'ड्रिम गर्ल', 'सम्झना विर्सना र 'सम्हालिन्छ कहिले मन' फिल्महरु पनि सुपरफ्लपमा दरिए ।

यसवर्ष दुई फ्लप फिल्म दिएका उनको आगामी माघ २० गते नयाँ फिल्म 'हिँड्दा हिँड्दै' प्रदर्शन हुँदैछ । यो फिल्म व्यवसायिक रुपमा सफल भए उनको करिअर लाई ठूलो राहत मिल्नेछ । नभए, उनले यसवर्ष फ्लप फिल्ममा ह्याट्रिकमात्र गर्ने छैनन्, करिअर नै संकटमा पर्नेछ । अब आकाश करिअरलाई बचाउनका लागि भए पनि ब्यानर, स्क्रिप्ट र चरित्र छनोटमा गम्भीर हुनुपर्ने देखिन्छ ।

अभिनेत्री पूजा शर्मासँग उनको लामो समय नाम जोडियो । 'रामकहानी'देखि यी दुईको फिल्म र म्यूजिक भिडियोमा सहकार्य टुटेन । पूजाकै आड-भरोसामा आकाशले आफूलाई स्थापित गराएका हुन् भन्दा फरक पर्दैन । तर, अहिले उनीहरु दुई ध्रुव भएका छन् । अब उनीहरुबीच फिल्ममा सहकार्य हुने छाँट देखिन्नँ । त्यसैले आकाशलाई अब आफ्नै बलबुतोमा अगाडि बढ्नुपर्ने चुनौती छ ।

उनै, आकाश शनिबार आफ्नो जन्मदिन मनाउँदैछन् । उनलाई सामाजिक सञ्जालमा कलाकारदेखि प्रशंसकहरुसम्मले जन्मदिनको शुभकामना दिइरहेका छन् । २०५० सालमा दाङमा जन्मिएका उनले ब्याचलरसम्मको अध्ययन गरेका छन् । पूजासँग टाढिएपछि उनी केही समयदेखि अभिनेत्री तथा मोडल करुणा श्रेष्ठको प्रेममा रहेको चर्चा छ । तर, दुवैले प्रेमको कुरा नकार्दै आएका छन् ।

# गाउँ-गाउँमा एम्बुलेन्स पुऱ्याएका बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ मकवानपुरको विभिन्न स्थानका जनताहरु जो बिरामी हुँदा स्वास्थ्य संस्था धाउन मुस्किलमा पर्ने गर्थे । उनीहरुलाई पछिल्लो समय बिरामी हुँदा अस्पतालसम्म आउन एम्बुलेन्सले सहज भएको छ ।

हेटौंडा उपमहानगरको वडाहरु होस् या विकट गाउँपालिका एम्बुलेन्सको उपलब्धताले उनीहरुको स्वास्थ्यमा पहुँच सहज बनाएको छ । उनीहरुको लागि यो सहजता नेपाली कांग्रेसका नेता ईन्द्रबहादुर बानियाँले बनाइदिएका हुन् । नेपाली कांग्रेस बागमती प्रदेश सभापति बानियाँले बिरामी पर्दा उपचार गर्न अस्पतालसम्म लैजान बिगतमा एम्बुलेन्स उलपब्ध गराए, जसका कारण अहिले मकवानपुरको बागमती, ईन्द्रसरोबर, मकवानपुर गढी र हेटौंडावासीलाई निकै सहज भएको हो ।

गरिब, निमुखा र असहायजनताको स्वास्थ्यप्रति सजगहुँदै वाचा गरे अनुरुप एम्बुलेन्स उपलब्ध गराउँदा निकै सहज भएको हेटौंडा उपमहानगरपालिका वडा नं. १८ का वडा सदस्य योगराज खतिवडाले बताए । मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्वर २ को प्रदेशसभा (ख) मा लोकतान्त्रिक बाम गठबन्धनको तर्फबाट उम्मेदवार समेत रहेका बानियाँले प्रत्येक स्थानीय तहका नागरिकसँग स्वास्थ्य उपचार को लागि पहुँच विस्तार होस् भनेर एक स्थानी यतह एक एम्बुलेन्सको अवधारणा यस अघिको निर्वाचनमा अघि सारेका थिए । २०७४ मा उनले बोलेका कुरा त्यसपछि क्रमसँग पूरा गर्दै आएका हुन् । बानियाँले उति बेला एम्बुलेन्स अभावमा विरामीले अकालमा ज्यान गुमाउनु नपरोस् भनेर जिल्लाका विकट गाउँमा एम्बुलेन्स सहयोग गरे, त्यसले अहिलेसम्म पनि ती क्षेत्रका नागरिकलाई सहज भइरहेको छ ।

बानियाँले व्यक्तिगत लगानीमा हस्तान्तरण गरेका एम्बुलेन्सको प्रयोग गरी सम्बन्धित क्षेत्रका स्थानीयहरुले लाभलिइरहेका छन् । बेलैमा बिरामीलाई अस्पतालसम्म पुऱ्याउन सकिएको छ । बानियाँले एम्बुलेन्स सञ्चालनकालागि केही रकम पनि उपलब्ध गराएका छन् । सिड मनी (बीउपूँजी) को रुपमा उपलब्ध गराएको सो रकमले एम्बुलेन्सको सञ्चालनमा सहयोग पुगेको छ । २०७४ पुस १ गते हेटौंडा १८ स्थित हर्नामाडी स्वास्थ्यचौकीलाई उनले हस्तान्तरण गरेको एम्बुलेन्सबाट हर्नामाडी, हेटौंडा, छतिवन र मकवानपुरगढी लगायतका क्षेत्रका जनताले लाभ लिइरहेका छन् ।

हर्नामाडीमा रहेको वर्थिङ सेन्टरमा सुत्केरी गराउन आउनेहरुका लागिसो एम्बुलेन्स अझै प्रभावकारी भएको एम्बुलेन्स सञ्चालक समितिका संयोजक एवम् वडा सदस्यखतिवडा बताउँछन् ।

सो एम्बुलेन्स सञ्चालन भएयता सञ्चालक समितिमा ५ लाख रुपैयाँ बचत समेत भएको समितिका संयोजक खतिवडाले बताए । त्यस्तै स्वर्गीय बुवा क्षमबहादुर बानियाँको स्मृतिमा बानियाँले २०७५ फागुन १ गते बागमती गाउँपालिकाको रइगाउँ स्वास्थ्य चौकीको स्वामित्वमा रहने गरी एम्बुलेन्स हस्तान्तरण गरे । एम्बुलेन्स सञ्चालनको लागि उनले नगद ५० हजार रुपैयाँ पनि हस्तान्तरण गरेका थिए । २०७७ चैत ९ गते मा मकवानपुरगढी ७ सुकौरास्थित स्वास्थ्य चौकीलाई बानियाँकै पहलमा अन्य संस्थाहरुसमेतको सहयोगमा एम्बुलेन्स उपलब्ध गराइएको थियो ।

सो एम्बुलेन्स पनिहाल सञ्चालनमा रहेको र मकवानपुर गढीमा विभिन्न वडाका मानिसहरुलाई बिरामीपर्दा अस्पतालसम्म पुर्याउन सहजभएको मकवानपुरगढी ७ का वडा अध्यक्ष सूर्यबहादुर रुम्बाले जानकारी दिए । बानियाँकै व्यक्तिगत लगानीमा मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्वर १ स्थित मार्खु स्वास्थ्य चौकीलाई पनि २०७८ चैत २७ गते एम्बुलेन्स हस्तान्तरण गरिएको थियो । सो क्षेत्रको सेरा, नयाँगाउँ, नयाँ खर्च, कुलेखानी लगायतका जनताले एम्बुलेन्स सेवाबाट प्रत्यक्ष लाभ लिइरहेको इन्द्रसरोवर १ कापूर्व वडा अध्यक्षजमान सिंह वाइवा बताउँछन् ।

# संजीवनी साकोसको २९ करोड कारोबार

साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ हेटौंडाका ठूला सहकारीहरु मध्ये पर्ने संजीवनी बचत तथा ऋण सहकारी संस्थाले गत आर्थिक वर्ष २०७८/०७९ मा २९ करोड बढी कारोबार गरेको छ ।

हेटौंडा उपमहानगरपालिका-५ पिप्लेस्थित संजीवनी साकोसले शनिबार भएको २१ औं वार्षिक साधारणसभाको अबसरमा वार्षिक आयव्यय सार्वजनिक गरेको थियो । सहकारीकी अध्यक्ष जानुका चौधरीको सभाध्यक्षतामा भएको साधारणसभा निर्वाचन आचार संहितालाई ध्यान दिएर गरिएको हो । विगतका वर्षमा तामझामले हुने गरेको सहकारीको साधारणसभा यसवर्ष निर्वाचनको आचारसंहिता लागू भएकाले शेयर सदस्यहरुको उपस्थितिमा सम्पन्न गरिएको थियो ।

सहकारीले आव २०७८/०७९ मा २९ करोड २३ लाख ३ हजार ९ सय ६८ रुपैयाँ कारोबार गरेको सहकारीका कायम मुकायम व्यवस्थापक प्रकाश खनालले जानकारी दिए । ३ करोड २१ लाख ७७ हजार ४ सय शेयर पूँजी रहेको छ । सहकारीले सदस्यहरुलाई २४ करोड २ लाख ५० हजार ३ सय ५६ रुपैयाँ कर्जा लगानी गरेको जनाइएको छ । सहकारीले साधारणसभाबाट १५ जना ज्येष्ठ शेयर सदस्य, असल बचतकर्ता, असल ऋणी, उत्कृष्ट छात्र-छात्रा र उत्कृष्ट कर्मचारीमा कामु व्यवस्थापक प्रकाश खनाललाई पुरस्कृत गरेको छ । साधारणसभामा वडा ५ का अध्यक्ष सुशील घिमिरे, संस्थाका संस्थापक अध्यक्ष पूर्णबहादुर खनाल लगायतको आतिथ्यता थियो । सहकारीमा ३ हजार २ सय ५८ जना शेयर सदस्य रहेका छन् ।

# बकैया मन्थलीका स्थानीयहरु गठबन्धनका उम्मेदवार डीना र छिन्तु जिताउ अभियानमा

हेटौंडा, १९ कात्तिक/ मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर १० का स्थानीयहरुले लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवारहरु महालक्ष्मी उपाध्याय डिना र प्रेम बहादुर पुलामी छिन्तुलाई जिताउने अभियानमा जुटेका छन् ।

शनिबार गठबन्धनको निर्वाचन प्रचारप्रसार कार्यक्रममा सहभागी स्थानीयहरुले पटक(पटक यस क्षेत्रबाट जितेर गई मन्त्री भएकाहरुले केहिपनि काम नगरेकोमा रुष्ट हुँदै उनीहरुले यसपटक गठबन्धनलाई विश्वास गरेर जिताउने पक्षमा देखिएको हो ।

कार्यक्रममा गठबन्धनका उम्मेदवारहरुलाई स्थानीयले प्रश्नै प्रश्न गरेका थिए । उनीहरुले पञ्चायतकालदेखि १५ वर्षसम्म जितेर १२ पटकसम्म मन्त्री हुँदा पनि कमल थापाले यहाँको विकासमा सिन्कोसम्म भाँचन नसकेको भन्दै उम्मेदवारलाई प्रश्न गरेका थिए । यस्तै नेकपा एमालेका कृष्ण दाहाल यहि क्षेत्रबाट जितेर गए तर एकपटक पनि यहाँको अवस्थालाई परिवर्तन गर्नमा भूमिका नखेलेकोमा उनीहरुले गठबन्धनका उम्मेदवार समक्ष दुख पोखेका थिए ।

उनीहरुले यस क्षेत्रलाई पूर्ण बिजुलीयुक्त बनाउन र हात्तीसुँढे(शिखरपुर(मन्थली सडक कालोपत्रे गर्न माग गरे । साथै शिक्षा, स्वास्थ्य, रोजगारी तथा कृषि क्षेत्रको विकासमा विशेष ध्यान दिन पनि उनीहरुको माग थियो ।

स्थानीयहरुको गुनासो र अपेक्षा सुनिसकेपछि प्रतिनिधिसभा क्षेत्र नम्बर १ की गठबन्धन उम्मेदवार डिनाले आफु यस क्षेत्रको जनचाहना अनुरुप चल्ने बताउनुभयो ।

उहाँले आफु बिजयी भए संघिय बजेटबाट यस क्षेत्रमा पूर्ण क्षमताको विद्युत विस्तार, सडक तथा पुल निमार्ण साथसाथै कृषि, पशुपालन , शिक्षा र भौतिक पूर्वाधारहरुको आवश्यकता अनुसार पुऱ्याउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा

*"तपाई, हामी सबैको कुरा"*

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**



वेवसाइडमा: ***www.sajhakuranews.com*** सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# गाई तस्करी गर्ने ६ गाडी नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, १९ कार्तिक/ मकवानपुर प्रहरीले हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिकाम गरेर अवैध रुपमा गाई तस्करीमा संलग्न गाडि र गाईलाई नियन्त्रणमा लिएको छ ।

शनिवार बिहान १ बजे हेटौंडाबाट पश्चिमतर्फ लाने तयारी गरेको र मनहरीबाट पूर्वतर्फ ल्याउने क्रममा प्र २-०४-००१ च ००९०, बा २० च ४६६, प्र २-०३-००१ च ६२७०, ना ५ त २९३०, बा ०३-००१ च १३७८, बा ३-००१ च १००८ नम्बरको पिकअप गाडीबाट गाई फेला परेको थियो । मनहरी-७ मनहरी बजार स्थित पूर्व-पश्चिम लोकमार्ग सडक खण्डमा सवारी जाँच गर्ने क्रममा गाई ल्याउँदै गरेका ४ वटा गाडि नियन्त्रणमा



लिइएको इलाका प्रहरी कार्यालय मनहरीले जानकारी दिएको छ । हेटौंडाको रातोमाटे चेक पोष्टबाट दुई वटा गाई बोकेका गाडि नियन्त्रणमा लिइएको थियो ।

प्रहरीका अनुसार प्र २-०४-००१ च ००९० पिकअप गाडीमा ६ वटा गाई, बा २० च ४६६ नम्बरको गाडीमा गाई ५ वटा, प्र २-०३-००१ च ६२७० गाडीमा गाई ५ वटा, ना ५ त २०३० नम्बरको गाडीमा ५ वटा गाई, बा ०३-००१ च १३७८ पिकअप गाडीमा गाई ३ वटा र बाछा १ वटा र बा ३-००१ च १००८ नम्बरको पिकअप गाडीमा गाई ३ वटा र बाछा १ वटा गरी जम्मा ६ वटा पिकअप गाडीमा २९ वटा गाई तथा बाच्छा र भेटेरीनरी कागजात थान ४ समेत फेला परेको जनाइएको छ ।

बरामद गाई तथा बाच्छाहरु चितवनको राप्ती नगरपालिका भण्डार स्थित ईट्टाभट्टा नजिकबाट लोड गरी ल्याएको खुलेको छ । उक्त गाई र बाच्छालाई इलाका प्रहरी कार्यालय मनहरी र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र हेटौंडाको रेहबरमा चितवन नै फिर्ता पठाइएको जनाइएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख ब्रज किशोर ठाकुरले अवैध रुपमा गाई ओसारपसार गर्न नपाइने बताए ।

# गठवन्धनले मुलुकलाई तहसनहस बनाएको श्रेष्ठको आरोप



हेटौंडा, १९ कात्तिक/ नेकपा एमालेका तर्फबाट मकवानपुर क्षेत्र नम्बर(१ को प्रदेशसभा (ख) का उम्मेदवार एकालाल श्रेष्ठले गठवन्धनले मुलुकलाई तहसनहस बनाएको आरोप लगाएका छन् ।

शनिबार हेटौंडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । श्रेष्ठले गठवन्धन सरकारका कारण मुलुकमा आर्थिक संकटमा परेको बताए । अहिले मुलुक चिन्तजनक अवस्थामा रहेको उनको भनाई रहेको छ । अब हेटौंडाको सडकलाई फराकिलो बनाउन सबै लाग्नुपर्ने श्रेष्ठको भनाई छ । हेटौंडाको बाइपास सडक निर्माण पनि गर्दै मुल सडक पनि फराकिलो बनाउनु आफुले पहल गर्ने उनको भनाई थियो ।

# नौलो बिहानी सहकारीद्वारा तीन करोड ७० लाख कारोबार लक्ष्य

भीमसेन पौडेल

हेटौंडा, १९ कात्तिक/ हेटौंडा-६ चौघडामा रहेको नौलो बिहानी कृषि सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष भरत सापकोटाको सभाध्यक्षतामा साधारणसभा भएको थियो ।

साधारणसभामा संस्थाको संस्थागत प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष भरत सापकोटाले चालु आव ०७९/०८० मा संस्थाले ३ करोड ७० लाखको कारोवार गर्ने योजना रहेको बताए । संस्थाले बचत संकलनमा १ करोड ७८ लाख, ऋण असुलीमा १ करोड २० लाख, लगानीबाट ब्याज असुलीमा २१ लाख, शेयर बिक्रीबाट २ लाख ५० हजार, रसायनिक मल तथा बिउबिजनबाट १० लाख, आर्थिक सहयोगबाट ८ लाख संकलन गर्ने योजना रहेको छ ।

भेलामा ऋण उपसमितिका संयोजक डोरबहादुर अधिकारीले ऋण उपसमितिको प्रतिवेदन, कोषाध्यक्ष देवेन्द्र श्रेष्ठले लेखा परीक्षण प्रतिवेदन र लेखा सुपरीवेक्षण समितिका संयोजक गोपालचन्द्र भट्टराईले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

भेलामा उत्कृष्ठ बचतकर्ता शारदा श्रेष्ठ र बिमला दुलाल, उत्कृष्ठ कारोवारीमा ठूलीमाया नेपाली र चन्द्रबहादुर मानन्धर, उत्कृष्ठ कृषकमा रामहरि ओझा, ज्येष्ठ शेयर सदस्य हेमबहादुर खड्कालाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा हेटौंडा-६ का वडा सदस्य विजय पौडेल, लेखराज ढकाल, सरिता सापकोटा, संस्थाका सल्लाहकार राजेन्द्रप्रसाद चौलागाई, विष्णुप्रसाद ढुङगाना, चौघडा सहकारीका अध्यक्ष श्याम प्रसाद श्रेष्ठ, कामधेनु बहुउद्धेश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, बंशगोपाल दुग्ध उत्पादक सहकारीका अध्यक्ष श्याम प्रसाद न्यौपाने, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, जनकल्याण सहकारीका सचिव रोमबहादुर न्यौपाने, सञ्चारकर्मी भीमसेन पौडेल लगायतको उपस्थिति थियो ।

# हेटौंडा साकोसको बचत साढे ४६ करोड

साझाकुरा संवाददाता

हेटौंडा, १९ कात्तिक/ हेटौंडा बचत तथा ऋण सहकारी संस्थाले आर्थिक वर्ष २०७८/०७९ मा बचत बृद्धि गरी साढे ४६ करोड रुपैयाँ पुऱ्याएको छ ।

आव २०७७/०७८ मा ४४ करोड ७५ लाख १७ हजार ७ सय ५४ रुपैयाँ बचत रहेको सहकारीले एकवर्षमै बचत वृद्धि गरी ४६ करोड ६६ लाख ५६ हजार ८ सय ९९ रुपैयाँ ४२ पैसा पुऱ्याएको सहकारीले जानकारी दिएको छ । हेटौंडा-८, स्थित नागस्वतीमा रहेको सहकारीको शनिवार २३ औं वार्षिक साधारणसभामा प्रस्तुत आर्थिक प्रतिवेदनअनुसार संस्थाको शेयर पूँजी ४ करोड ४८ हजार ७ सय रुपैयाँ रहेको छ । सहकारीका अध्यक्ष ईन्द्रबहादुर बस्नेतको सभाध्यक्षतामा भएको साधारणसभामा जिल्ला



सहकारी संघका अध्यक्ष नारायण देवकोटा, हेटौंडा उपमहानगरका सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेललगायतको आतिथ्यता रहेको थियो ।

संस्थाले आव २०७८/०७९ मा ७३ करोड २३ लाख १३ हजार ३ सय ८८ रुपैयाँ कारोबार गरेको छ । सहकारीको जगेडा कोषमा २ करोड ४८ लाख ८९ हजार ५ सय १० रुपैयाँ ५६ पैसा रहेको अध्यक्ष बस्नेतले जानकारी दिए । सहकारीले आफ्ना शेयर सदस्यलाई ५५ करोड ३७ लाख ३१ हजार ७६४ कर्जा लगानी गरेको छ । आव २०७७/०७८ मा १ हजार १ सय ८९ जना शेयर सदस्यहरुलाई ४१ करोड ४९ लाख ५० हजार रुपैयाँ लगानी गरी ७ करोड १७ लाख १२ हजार ८ सय १८ रुपैयाँ ब्याज आम्दानी गरेको ऋण उपसमिति संयोजक रघुप्रसाद आचार्यको प्रतिवेदनमा प्रस्तुत छ ।

साधारणसभाको अबसरमा सहकारीले बाल बचततर्फ अपसना रिमाल, सुजिता दहाल, विशेष बस्नेत, दैनिक बचततर्फ रामप्रसाद प्रसाई, बबिता खड्का र ऐच्छिक बचततर्फ भक्तबहादुर वाइवालाई पुरस्कृत गरेको छ । सहकारीले हेटौंडाको ८ नम्बर वडामा, १६ नम्बर वडामा र २ नम्बर वडामा गरी तीन वटा सेवा केन्द्र सञ्चालन गरेको छ । सहकारीमा १५ जना कर्मचारी रहेका छन् । निर्वाचन आचार संहिताका कारण साधारणसभामा अध्यक्षको प्रतिवेदन प्रस्तुत र विभिन्न विद्यामा सम्मान तथा पुरस्कार प्रदान गरी शेयर सदस्यहरुको उपस्थितिमा साधारणसभा सम्पन्न गरिएको थियो ।

# नारायणी सहकारीको झण्डै ३४ करोड कारोबार



हेटौंडा, १९ कात्तिक/ हेटौंडा उपमहानगरभित्र ठूलो सहकारीहरु मध्ये पर्ने नारायणी बहुद्देश्यीय सहकारी संस्थाले एक वर्षमा झण्डै ३४ करोड रुपैयाँ कारोबार गरेको छ ।

उपभोक्ताहरुलाई सर्वसुलभ रुपमा निर्माण सामग्री बिक्री वितरण गर्दै आइरहेको हेटौंडा-९, स्थित सहकारीले आर्थिक वर्ष २०७८/०७९ मा ३३ करोड ९७ लाख ८२ हजार ४५१ रुपैयाँको कारोबार गरेको जानकारी दिएको छ । शनिवार भएको २६ औं साधारण सभामा अध्यक्ष जंगबहादुर गुरुङले सहकारीमा ५ करोड ८० लाख ३८ हजार २ सय शेयर पुँजी रहेको जानकारी दिए । २३ करोड ६८ लाख ३४ हजार ५ सय ३४ रुपैयाँ कर्जा लगानी गरिएको व्यवस्थापक महेश अधिकारीले बताए । सहकारीले शनिवार भएको साधारणसभालाई शेयर सदस्यहरुको उपस्थितिमै टुंग्याएको थियो ।

४ मंसिरमा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको आचारसंहिताअनुसार शनिवारदेखि सहकारीलाई पूर्णरुपमा साधारणसभा गर्न रोक लगाइएको थियो । सहकारीले पुर्वतयारी अनुसार शनिवार साधारणसभा राखेको थियो । तर, सरकारले ढिलो गरी शनिवार बिहान मात्रै आचार संहिता जारी भएको र साधारसभा रोक्नु भनेपछि नारायणी सहकारी लगायतका अन्य सहकारीहरु समस्यामा परेका थिए । नारायणी सहकारीले आचारसंहिता पालना गर्दै शेयर सदस्यहरुको उपस्थितिमा मात्रै साधारणसभा गरेको ।

निर्धारित मिति तोकिएकोले सदस्यहरु आएको र जिल्ला प्रशासनले स्थगन गर्न भनेपछि सदस्यहरुको उपस्थितिमा मात्रै गराएर निर्वाचनपछि मिति तोकेर प्रतिवेदनमाथि छलफल गरिने अध्यक्ष गुरुङले बताए । सहकारीको २६ औं वार्षिक साधारणसभा अब निर्वाचनपछि तयार पारिएको प्रतिवेदनमाथि छलफल हुने भएको छ । सहकारीमा २ हजार १ सय ६८ जना शेयर सदस्य रहेका छन् ।

# सितु साकोसको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १९ कार्तिक/ हेटौंडा उपमहानगरपालिका-१, स्थित सितु बचत तथा ऋण सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा भएको छ ।

शनिवार भएको साधारण सभामा अध्यक्षको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, ऋण उपसमितिको प्रतिवेदन, सचिवको प्रतिवेदन र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरिएको छ । साधारणसभामा सहकारीले आर्थिक वर्ष २०७८/०७९ मा गरेका गतिविधि बारे जानकारी र वार्षिक योजना तथा बजेट स्वीकृत गरिएको थियो । आव २०७८/०७९ सहकारीको शेयर पूँजी ३५ लाख ६ हजार एकसय रुपैयाँ रहेको छ ।

जगेडा कोषमा ४ लाख ५६ हजार ५ सय ७८ रुपैयाँ रहेको सहकारीले जानकारी दिएको छ । बचत तथा निक्षेप दायित्वमा १ करोड ८९ लाख ५१ हजार ५ सय २३ रुपैयाँ रहेको छ । सहकारीका अध्यक्ष गणेशकुमार श्रेष्ठको सभाध्यक्षतामा गरिएको थियो ।

# हात्तिसुढेसम्म साइकल यात्रा



हेटौंडा, १९ कात्तिक/ हिमालयन राइडर्स सोसाइटी मकवानपुरको आयोजनामा भएको साइकल यात्रा हेटौंडादेखि हात्तिसुढेसम्म पुगेको छ ।

जिल्लाको पर्यटन र स्वस्थ रहन साइकल चलाउनु पर्ने सन्देश प्रवाह गर्न हिमालयन राइडर्सले जिल्लाका विभिन्न स्थानमा साइकल यात्रा गर्दै आइरहेको छ । राइडर्सका २० जना सदस्यहरुको साइकल टोली हेटौंडादेखि चौघडा, हर्नामाडी, फुर्केचौर, छतिवन जुरेली हुँदै हात्तिसुडेमा रहेको बकैया गाँउपालिका पुगेर पुन: हेटौडा फर्केको थियो । बकैया गाँउपालिकामा पालिका अध्यक्ष धर्मराज लामिछानेसहित उपाध्यक्ष भक्तबहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, वडा अध्यक्षहरु राजन दगांल, लक्ष्मी जिम्बालगायतले साइकल टोलीलाई स्वागत गरेको थियो ।

हिमालयन राइडर्सका अध्यक्ष रामकुमार श्रेष्ठले साईकल यात्रीहरुलाई बकैया गाउँपालिकाले गरेको स्वागतलाई मनैदेखी धन्यवाद दिए । बकैया अध्यक्ष लामिछानेले साइकल चढेर स्वस्थ्य बन्न आग्रह गर्नुका साथै स्वस्थ रहन सबैमा सन्देह प्रवाह गरेकोमा धन्यवाद दिए । साइकल चढ्न सके पैसाको बचतसँगै शरिरले पनि स्वस्थ रहन अवसर पाउने बताए ।

राइडर्सले स्वास्थ्य, पर्यावरण, पर्यटन, खेलकुद, मनोरञ्जन र दैनिक कामको लागि साइकल चलाउ भन्ने सन्देश प्रवाह गर्न हेटौडादेखि हात्तिसुडेसम्म करिव ७० किलोमिटरको साइकल यात्रा गरेको उपाध्यक्ष राजु थापा मगरले जानकारी दिए ।


## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७९/०६/०२ गते हेटौंडा-५ शान्तिनगरस्थित आफ्नै निवास अगाडि पार्किङ्ग गरिराखेको अवस्थाबाट अपरान्ह ४:०० बजेको समयमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा. प्र-०३-००५ प ३७७९
**मोटरसाइकल धनीको नाम:** हुलास फिन सर्भ लि. (ऋणी: गणेशबहादुर भुलुन)
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२०F सीसी
**मोटरसाइकलको रंग:** निलो
**चेचिस नम्बर:** MD2A13EX2MCH94526
**इन्जिन नम्बर:** DKXCMG28769
**सम्पर्क फोन नम्बर:** ९८५५०७०१४१






## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


## सादर आमन्त्रण

*आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ती गरुन् झुकेर पदमा यो विन्ती मान्दैन त्यो*



**जन्म:** २००४/०९/१५

**स्वर्गारोहण:** २०७९/०७/१०

स्व. कौशल पाण्डे

हाम्रा प्रात: स्मरणीय पूजनीय पति/पिता कौशल पाण्डेको यहि मिति २०७९/०७/१० गते स्वर्गारोहण हुँदा हामी अति मर्माहत भएका छौं । यस दु:खद् घडीमा उहाँप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गर्न तथा पार्थिव शरीरको दाहसंस्कार गर्न सागरमा उपस्थित हुनुहुने र हामीप्रति समवेदना प्रकट गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति आभार व्यक्त गर्दै तेह्रौं दिनको पुण्यतिथिका दिन तपशिल बमोजिम उपस्थित भई पितृप्रसाद ग्रहण गरिदिनुहुन सादर अनुरोध गर्दछौं ।

**तपशिल:**
**मिति** : २०७९ कात्तिक २१ गते सोमबार ।
**स्थान** : आफ्नै निवास, हेटौंडा-४, (बौद्ध गुम्बासंगै)
**समय** : दिनको २ बजेदेखि ।

**प्रार्थी:**
**श्रीमती: शकुन्तला पाण्डे**

**छोरा/बुहारी : प्रशान्त पाण्डे/श्रुति भट्ट**
**छोरी/ज्वाइँ : नमूना पाण्डे/दीपक खड्का**
**तथा**
**पाण्डे परिवार**

असमर्थताको लागि: ०५७-५२१३२५







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना